परिचय

# “पैदल” अनुसन्धान : अवधारणा र अभ्यास

**सोहन प्रसाद साह**

यो पुस्तक मार्टिन चौतारीले नोभेम्बर २०१७ देखि जुन २०१९ सम्म पश्चिम तराईका तीन जिल्ला (कपिलवस्तु, नवलपरासी र रुपन्देही) मा सञ्चालन गरेको “स्थानीय अधिकारकर्मीहरूको अनुसन्धान क्षमता अभिवृद्धि” परियोजनाको उपज हो। यो परियोजना अन्तर्गत स्थानीय तवरमा अधिकारमा आधारित पैरवी गर्ने अभियन्ताहरूको अनुसन्धान क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिइएको थियो। यसले एकतिर अधिकारकर्मीहरूले गर्ने पैरवीमा प्राज्ञिक भरथेग हुने र अर्कोतिर भुईं तहमा रहेर काम गरिरहेका अधिकारकर्मीहरू आफैँ अनुसन्धानमा संलग्न हुँदा सार्वजनिक ज्ञान उत्पादनको क्षेत्र फराकिलो हुने अपेक्षा गरिएको थियो। परियोजनाको पहिलो चरणमा उल्लिखित तीन जिल्लाका शैक्षिक/प्राज्ञिक संस्था (खास गरी क्याम्पस), सामाजिक संस्था (गैरसरकारी संस्था वा गैसस) र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रको संस्थागत मूल्यांकन गरिएको थियो। यस क्रममा सन् २०१७ को डिसेम्बरपछि पश्चिम तराईका तीन जिल्लामा पटक-पटक गएर तीन दर्जनभन्दा धेरै व्यक्तिसँग भेटघाट, कुराकानी तथा अवलोकन गरी विभिन्न संस्थाबारे तथ्यांक संकलन गरिएको थियो। संस्थागत मूल्यांकनको उद्देश्य पश्चिम तराईका यी संस्थागत क्षेत्रमा संलग्न पैरवी-अनुसन्धानकर्ताहरूको खोजी गर्नु र उनीहरूमा आलोचनात्मक संवादका लागि चाहिने अनुसन्धान क्षमताको आकलन गर्नु थियो, ताकि सो क्षमतालाई अभिवृद्धि गर्न सकियोस्। सो मूल्यांकनको विस्तृत चर्चा मार्टिन चौतारीले प्रकाशन गरेको शोध-संक्षेपमा गरिसकिएको छ (हेर्नुहोस्, मार्टिन चौतारी २०७६)।

दोस्रो चरणमा, उल्लिखित जिल्लामा विभिन्न संस्थागत अवस्थितिमा कार्यरत व्यक्तिहरूलाई अनुसन्धान-प्रशिक्षणमा सहभागी हुन विभिन्न चरणको प्रक्रिया मार्फत

छनोट गरियो । छनोट भएका १३ जनाले मार्टिन चौतारी र यस परियोजनाका साझेदार कपिलवस्तुस्थित मधेश मानवअधिकार गृह (माहुरी होम) ले आयोजना गरेका थुप्रै प्रशिक्षण र लेखन कार्यशालामा भाग लिए । र, आफूले प्रस्तुत गरेका अवधारणाका आधारमा अनुसन्धान, लेखन एवं पुनर्लेखन अगाडि बढाए । तीमध्ये ११ जनाले आफ्नो लेखलाई प्रकाशनयोग्य बनाए । यो पुस्तक तिनै लेखहरूको संग्रह हो ।

विभिन्न सामाजिक मुद्दामा आफूले गरिआएको पैरवीलाई नछोडी समुदायमै रहेर तथ्यांक संकलन लगायतका अनुसन्धान मूलक गतिविधिमा पनि संलग्न रहने व्यक्तिहरूलाई हामीले यहाँ पैदल अनुसन्धाता (वा अंग्रेजीमा बेयरफुट रिसर्चर) भनेका छौँ । र, तिनले गर्ने अनुसन्धान कार्यलाई पैदल अनुसन्धान भनेका छौँ, जसको विस्तृत व्याख्या दोस्रो खण्डमा गरिएको छ ।

यो परिचयको पहिलो खण्डमा पश्चिम तराईका उल्लिखित तीन जिल्लामा गरिएको संस्थागत मूल्यांकनको सार प्रस्तुत गरिनेछ । दोस्रो खण्डमा अनुसन्धान क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलाप अन्तर्गत सम्बन्धित अनुसन्धानकर्ता तथा मार्टिन चौतारीले सँगालेका अनुभवलाई "पैदल अनुसन्धान" को अवधारणाको रूपमा चर्चा गरिएको छ । परियोजनाको भौतिक उपजको रूपमा उत्पादित यो पुस्तकका विषयवस्तु र विशेषताबारे अन्तिम खण्डमा चर्चा गरिएको छ ।

## पश्चिम तराईमा अधिकारमुखी पैरवीको संस्थागत मूल्यांकन

सन् १९९० पछिका अढाई दशकमा नेपालमा थुप्रै सामाजिक आन्दोलन, माओवादी विद्रोह (सन् १९९६–२००६) र मधेस आन्दोलन (सन् २००७, २००८ र २०१५) भए । यी सामाजिक आन्दोलन र विद्रोहको जगमा नेपालमा समावेशी र संघीय व्यवस्थाका नयाँ संस्थागत संरचनाहरू प्रारम्भ गरिए । तर शान्ति स्थापना, मानवअधिकारको प्रत्याभूति र सामाजिक न्यायका लागि संघर्ष अद्यापि जारी छ । पश्चिम तराईका अधिकारकर्मी र राजनीतिक व्यक्तिहरूसँग गरिएका संवादबाट खास गरी आफ्ना अधिकारप्रति जागरुक मधेसी र थारू समुदाय अझै मानसिक रूपमा सामान्य अवस्थामा फर्किई नसकेको बुझिन्छ ।

यस्तो परिस्थितिमा पश्चिम तराईमा अधिकारकर्मीहरूले के-कस्तो संस्थागत परिदृश्यमा काम गरिरहेका छन् ? के आलोचनात्मक संवादका लागि चाहिने अनुसन्धान क्षमता उनीहरूसँग छ ? के उनीहरूमा शान्ति स्थापना, मानवअधिकारको प्रवर्द्धन र सामाजिक न्यायका लागि लड्न आवश्यक ज्ञान र स्रोत छ ? यिनै सामाजिक-राजनीतिक परिवेश र महत्त्वपूर्ण प्रश्नहरूको सेरोफेरोमा शैक्षिक/प्राज्ञिक संस्था, अधिकारमुखी पैरवी संस्था, र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रको संस्थागत मूल्यांकन गरिएको थियो । यो संस्थागत मूल्यांकनको उद्देश्य पैरवी-अनुसन्धानमा रहेका कमी-कमजोरीलाई पत्ता लगाएर पैदल

अनुसन्धान र प्रकाशनको माध्यमबाट यी तीन क्षेत्रलाई एकअर्कासँग जोड्न र उनीहरूबीच सम्पर्क बढाउन कोसिस गर्नु पनि हो, जसले गर्दा तथ्य, तथ्यांक, र तथ्यपरक विश्लेषणका आधारमा पैरवी गर्न सकियोस् ।

## *शैक्षिक/प्राज्ञिक क्षेत्र*

अधिकारमुखी पैरवीको दृष्टिकोणबाट हेर्ने हो भने पश्चिम तराईको प्राज्ञिक क्षेत्रको अवस्था त्यति उत्साहजनक देखिँदैन । संस्थागत मूल्यांकन (मार्टिन चौतारी २०७६) बाट के भन्न सकिन्छ भने जिल्लाको कुल जनसंख्याको अनुपातमा मानविकी र समाज विज्ञानमा भर्ना भएका विद्यार्थीको संख्या निकै थोरै छ । एक त, समाज विज्ञानमा स्नातकोत्तर तहको पढाइ हुने क्याम्पस नै कम छन्, अर्को, पढाइ हुने ठाउँमा पनि निकै थोरै विषय मात्र पढाइन्छ । विद्यार्थी संख्याको अनुपातमा शिक्षकहरू भने धेरै छन् । प्राज्ञिक र पैरवी-अनुसन्धान दुवैतर्फ खासै रुचि त्यहाँ देखिँदैन ।

क्याम्पसमा अध्यापनरत एकथरी शिक्षक "पढाउनमै" मात्रै व्यस्त छन् । शिक्षण पेशामा निर्भरहरूको मुख्य चिन्ता जीविकोपार्जन भएकाले उनीहरूलाई पैरवी-अनुसन्धान गर्ने समय मिल्दैन, अनि अनुसन्धानमा लाग्न उनीहरूलाई कुनै प्रोत्साहन छैन । दोस्रो खाले शिक्षकहरू व्यक्तिगत रुचि र क्षमताका आधारमा सामाजिक आन्दोलनमा सक्रिय छन् । तर, विभिन्न सामाजिक-राजनीतिक र संस्थागत कठिनाइले उनीहरूले पनि ती आन्दोलनबारे लेखिरहेका छैनन् ।

अधिकारमुखी पैरवी-अनुसन्धान या त छैन, कतै छ भने सो धेरै नै कमजोर छ । व्यक्तिगत पहलमा गरिएका केही अनुसन्धान (अपवाद) बाहेक प्राज्ञिक क्षेत्र अनुसन्धानमा संलग्न छैन, अझ पैरवी अनुसन्धानमा त झन् छँदै छैन । नवलपरासीका एक पत्रकार एवं अधिकारकर्मीको प्रतिक्रिया थियो, "सामाजिक आन्दोलनहरूमा शैक्षिक क्षेत्रको योगदान न्यून छ, अथवा छँदै छैन भन्न सकिन्छ ।"[१]

पुस्तकालयलाई अनुसन्धानको पूर्वाधार र ज्ञानको स्रोत सम्मको पहुँचको सूचक मान्ने हो भने यस क्षेत्रकै पुरानो सार्वजनिक पुस्तकालयका रूपमा चिनिने बुटवलको महावीर पुस्तकालय लगभग प्रयोगविहीन अवस्थामा छ । बुटवल बहुमुखी क्याम्पस र भैरहवा क्याम्पसका पुस्तकालय केवल पाठ्यपुस्तक र पत्रिका पढ्नका लागि मात्रै विद्यार्थीहरूले प्रयोग गर्छन् । प्रायः सार्वजनिक पुस्तकालय पनि  पत्रपत्रिका पढ्ने थलोमात्र भएका छन् ।

[१] पत्रकार एवं अधिकार्मी वृजराज कुशवाहासँग मे १५, २०१९ मा गरिएको कुराकानी ।

## *गैरसरकारी संस्थाको अवस्था*

कमजोर प्राज्ञिक पूर्वाधारले पश्चिम तराईका गैससहरूको अधिकारमुखी पैरवी-अनुसन्धानमा पनि प्रतिकूल प्रभाव परेको छ। अनुसन्धानको लागि विषयको छनोट, सम्बन्धित विषयमा पूर्व-प्रकाशित ज्ञानको अध्ययन, तथ्यांक संकलन, तथ्यांकको विश्लेषण र व्याख्या गर्ने जस्ता क्षमता/जानकारी अनुसन्धातामा हुन आवश्यक छ। तर प्रायः स्थानीय अधिकारकर्मीहरू दाताका लागि तथ्यांक जुटाइदिने माध्यम मात्र बनेका छन्। अनुसन्धानका सबै प्रक्रिया र चरणमा संलग्न नगरिने भएकाले उनीहरूमा ती क्षमताको विकास भएको छैन। रुपन्देहीमा अवस्थित एक अन्तर्राष्ट्रिय गैससमा काम गर्ने अर्का अभियन्ताका अनुसार गैसस अभियन्ताहरू फगत दर्शकमात्र हुन्; परियोजनाका विभिन्न पक्षबारे र परियोजना अन्तर्गत यदि पैरवी-अनुसन्धानको पाटो पनि छ भने सोबारे के-कसरी गर्ने भन्ने निर्णय माथि नै गरिसकिएको हुन्छ।[२] अनुसन्धानबाट प्राप्त तथ्यांक र ज्ञानको स्वामित्व पनि दाताकै मात्र हुने हुनाले यसले ज्ञानको खाडललाई झन् गहिर्‍याइदिएको छ। स्थानीय अधिकारकर्मी लगायतका सरोकारवालाहरू सम्बन्धित विषय र मुद्दामा राम्रो दखल राख्ने भए पनि अनुसन्धानमा उनीहरूको सक्रिय र पूर्ण सहभागिता नहुँदा, र अनुसन्धानका तथ्य र तथ्यांकमा उनीहरूको र समुदायको स्वामित्व नहुँदा उनीहरूले विषयलाई सैद्धान्तिक र तार्किक व्याख्या-विश्लेषण गरी प्रकाशन-प्रसारण गर्ने मौका पाउँदैनन्।

अनुसन्धानको महत्त्व नबुझ्नाले पनि गैससहरू अधिकारमुखी पैरवी-अनुसन्धानमा लाग्न सकेका छैनन्। पैरवीलाई अनुसन्धान र लेखनसँग पनि जोड्नु पर्छ भन्ने कुरा गैससमा काम गर्ने अभियन्ताहरूलाई महसुस भएको देखिँदैन। कपिलवस्तुकी एक अभियन्ता लक्ष्मी श्रेष्ठका अनुसार स्थानीय पेशाकर्मी वा अधिकारकर्मी भएकाले उनीहरूसँग पहिलेदेखि नै जानकारी, सान्दर्भिक तथ्य र स्थलगत अनुभव त छ तर अनुसन्धान प्रक्रियामा उनीहरूलाई संलग्न गराइँदैन। उनी भन्छिन्, “प्रतिवेदन अरूले नै लेख्छन् जुन हेर्दा हामी आफैँ अचम्ममा पर्छौं। विषयमा दखल नै नभएको मानिसले प्रतिवेदन लेखेको हुन्छ र महत्त्वपूर्ण विषयलाई बेवास्ता गरिएको हुन्छ। हामीलाई कसरी लेख्ने भन्ने कुरा थाहा नहोला तर अनुसन्धान कस्तो देखिनुपर्छ भन्ने त थाहा छ नि।”[३]

स्थानीय पेशाकर्मी वा अधिकारकर्मीलाई अनुसन्धानका सम्पूर्ण प्रक्रियामा सहभागी गराउन सके उनीहरूले आफूसँग भएको जानकारी र तथ्यलाई लेखनमा ढाल्न सक्छन्। यसले उनीहरूलाई स्वतन्त्र, स्वावलम्बी, र निष्पक्ष रूपमा पैरवी-अनुसन्धानमा लाग्न प्रोत्साहन मिल्छ।

[२] अभियन्ता राजकिशोर रजकसँग मे ३, २०१९ मा गरिएको कुराकानी।

[३] श्रेष्ठसँग मे ३, २०१९ मा गरिएको कुराकानी।

## *सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रको अवस्था*

पत्रकारिता आफैँमा खोज र लेखनमा आधारित पेशा हो । त्यस अर्थमा पत्रकारहरू अनुसन्धानका आधारभूत प्रक्रियासँग अभ्यस्त भएका हुन्छन् । अधिकार सम्बन्धी मुद्दामा पत्रकार/अभियन्ताको पर्याप्त अनुभव हुँदाहुँदै अनुसन्धान गर्ने क्षमताको अभाव वा अनुसन्धानका विभिन्न चरणमा आवश्यक पर्ने प्रशिक्षण, सीप र सल्लाह पाउने अवसर नहुँदा यस क्षेत्रबाट हुन सक्ने पैरवी-अनुसन्धान पनि कमजोर छ ।

रुपन्देहीका एक पत्रकार/अभियन्ताका अनुसार, अधिकांश पत्रकारले कमै मात्र फलो-अप रिपोर्टिङ गर्छन् र आफूले गरेका कामको अभिलेख पनि राख्दैनन् । उनका अनुसार, एउटै घटनालाई लामो समयसम्म पछयाइरहँदा मात्रै घटनाको बृहत् प्रवृत्ति र महत्त्व पहिल्याउन सकिने र साँचो अर्थमा अनुसन्धान हुने गर्छ, जसले गर्दा तथ्य-तथ्यांक सहितको लामो अनुसन्धानात्मक लेख तयार गर्न सकिन्छ ।[४] त्यसैले, उपयुक्त तालिम हुने हो भने फलो-अप रिपोर्टिङ गरेका पत्रकारहरूले आफ्ना तिनै अभिलेख, रिपोर्टिङको आधारमा पैरवी-अनुसन्धान गर्न सक्छन् ।

पत्रकारहरूको सामाजिक अनुसन्धान गर्ने क्षमता र सम्भावनालाई उनीहरूले पैरवी-अनुसन्धान गर्दा सामना गर्ने चुनौतीबाट बुझ्न सकिन्छ । मधेस आन्दोलनको समयमा मानवअधिकार उल्लंघन र हिंसाका घटनाहरूबारे विभिन्न रिपोर्टिङ गरेका रुपन्देहीका अर्का पत्रकार भन्छन्, “दश वर्ष अघिदेखि मैले मानवअधिकार उल्लंघनका घटनाहरूको दस्तावेजीकरण गरिरहेको छु । मसँग विभिन्न अभिलेखहरू र लामो अनुभव हुँदाहुँदै पनि मैले त्यसलाई लामो अनुसन्धान मूलक लेख तयार गर्न खोज्दा थुप्रै चुनौती आए ।”[५]

भुइँ तहको अधिकारमुखी पैरवीलाई अभियन्ताहरूले आवश्यक सीपको अभावमा आफैँले जुटाएका तथ्य, तथ्यांक, र प्रमाणमा जोड्न सकेका छैनन् । अधिकारमुखी पैरवी-अनुसन्धानको पर्याप्त अभ्यास नभएकाले स्थानीय गैससले आफूले पहिले गरेका पैरवी-गतिविधिहरूको उचित अभिलेख राख्दैनन् । स्थानीय स्तरमा विभिन्न माध्यमबाट चर्चा गरिए पनि, तिनले राष्ट्रिय स्तरमा खासै महत्त्व राख्न र ध्यान खिच्न सकेका छैनन् । फलतः तिनले नीति-निर्माणमा असर पारेको देखिँदैन । त्यसैले, पैरवी-अनुसन्धान गर्ने स्थानीय स्तरका अधिकारमुखी पैरवी संस्थाहरू एक त थोरै संख्यामा छन् । दोस्रो, जे जति छन् ती पनि कमजोर छन् र उनीहरूबीच आपसी संयोजन, सहकार्य छैन ।

संस्थागत मूल्यांकनद्वारा यी कमी-कमजोरीलाई पत्ता लगाएर स्थानीय स्तरमा खटेर गरिने अनुसन्धानमा आधारित भएर बहस, संघर्ष, र आवाज मार्फत यी तीन क्षेत्रलाई एकअर्कासँग जोड्न र तिनीहरूबीच सम्पर्क बढाउन कोसिस गर्नु पनि यो परियोजनाको

[४] पत्रकार/अभियन्ता दीपक ज्ञवालीसँग मे १५, २०१९ मा गरिएको कुराकानी ।

[५] रामविकास चौधरीसँग मे १५, २०१९ मा गरिएको कुराकानी ।

उद्देश्य थियो । नेपालको सार्वजनिक वृत्तलाई फराकिलो पार्ने काममा अध्ययन-अनुसन्धान, सार्वजनिक बहस, लेखन-प्रकाशन लगायतका बौद्धिक-प्राज्ञिक कार्य गरिआएको संस्थाको हैसियतले मार्टिन चौतारीले पश्चिम तराईमा उल्लिखित तीन क्षेत्रबीच समन्वय र सम्पर्क बढाउने कार्यलाई अघि बढाउन मानवअधिकार क्षेत्रमा उल्लेखनीय काम गरेको माहुरी होमसँग सहकार्य गरेको हो । यसले भविष्यमा अनुसन्धान-लेखन-प्रकाशन कार्यमा पश्चिम तराईकै स्रोत-साधनयुक्त र नेतृत्वदायी संस्थाको रूपमा स्थापित हुने गरी सो संस्थाको पनि क्षमता अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## पैदल अनुसन्धान

भुईं तहमा पैरवी-अनुसन्धान गरिरहेका अध्येता, अभियन्ता, अधिकारकर्मी, सञ्चारकर्मी, वा साधारणजनले अध्ययन-अनुसन्धानमा रुचि राख्ने र लेख्ने कामलाई हामीले "पैदल अनुसन्धान" वा अंग्रेजीमा "बेयरफुट रिसर्च" भनेका छौँ (ड्रेज सन् २००२ : ८१७) ।[६] यहाँ हामीले पैदल अनुसन्धानलाई प्राज्ञिक, सहभागिता मूलक, र कार्य मूलक (एक्सन) अनुसन्धानभन्दा फरक ढंगले हेरेका छौँ ।

विशेषणका रूपमा "पैदल" को अवधारणा विभिन्न पेशा र पेशाकर्मीसँग जोडेर प्रयोग गर्ने प्रचलन छ । जस्तै, पैदल डाक्टर, पैदल पत्रकार, पैदल वकिल, पैदल शिक्षक, पैदल महामारीविज्ञ, आदि, जसलाई भिन्न-भिन्न समय, स्थान र परिस्थितिमा भिन्न-भिन्न रूपमा परिभाषित गरिएका छन् । उदाहरणको लागि, चीनका दुर्गम गाउँमा स्वास्थ्य सेवा दिन सन् १९६८ तिर न्यूनतम औपचारिक शिक्षा मात्र भएका तर स्वास्थ्य क्षेत्रमा कामको अनुभव र तालिम लिएका स्थानीय स्वास्थ्य स्वयंसेवक (प्यारामेडिक) लाई पैदल डाक्टरको अवधारणाभित्र ल्याइएको थियो (झाङ र अनशुल्ड सन् २००८) । नेपालमा दुर्गम भनिने क्षेत्रका बासिन्दाका परिस्थिति, घटना र प्रक्रियाबारे पत्रपत्रिकामा लेख्ने पत्रकारहरूको सञ्जाल बनाउन पैदल पत्रकार तयार गर्ने तालिम दिइएको थियो (कोइराला र विष्ट सन् १९९५) । त्यसै गरी, दक्षिण अफ्रिकामा दुर्गम क्षेत्रका बासिन्दालाई शिक्षा दिन र शिक्षण कार्य गर्न इजाजत नलिएका तथा निपुण भइनसकेका शिक्षकहरूलाई व्यावसायिक बन्न एवं शिक्षण कामबाटै औपचारिक शिक्षा पाउन पैदल शिक्षकको अवधारणा प्रयोग गरिएको थियो (हेनिङ सन् २०००) । साथै, चीनको द्वन्द्व प्रभावित दुर्गम क्षेत्रमा पछाडि परेका वर्गलाई स्व-प्रशिक्षित र स्थानीय अदालतमा मुद्दा दर्ता गर्ने र उजुरी दिने सम्मको तालिम पाएका पैदल वकिलहरूले न्याय सेवा दिएका थिए (लियु सन् २००२) । यसरी "पैदल" को अवधारणालाई छोटो समयमा मितव्ययी ढंगले विभिन्न सामाजिक, आर्थिक, र राजनीतिक

[६] अंग्रेजीको "बेयरफुट" को सुहाउँदो र सटिक नेपाली शब्द नभएको हुनाले यसलाई यहाँ "पैदल" भनेर अनुवाद गरिएको हो । पैदलले भुईं सँगको निकट सम्बन्धलाई जनाउँछ ।

चुनौती भएका ठाउँका समुदायलाई तालिम-प्राप्त पैदल पेशाकर्मीहरूबाट छरितो सेवा दिने भन्ने अर्थमा उपयोग गरिएको बुझ्न सकिन्छ ।

सामाजिक अनुसन्धानको सन्दर्भमा भने पैदल अनुसन्धानले चार ओटा विषयलाई इंगित गर्छ : (१) दिनहुँ आइपर्ने सामाजिक समस्याहरूलाई निरन्तर रूपमा सामाजिक अनुसन्धान र मूल्यांकनबाट बुझ्ने र समाधान गर्ने;[७] (२) मजदूरले आफ्नो हकहितको सुरक्षाको लागि आफैँ अध्ययन-अनुसन्धान गर्ने (कीथ र अरू सन् २००२); (३) समुदायलाई सशक्तीकरण गरी बाहिरी मध्यस्थताबिना समुदाय भित्रैबाट आफ्नो जीविकोपार्जनको समाधान खोज्ने (रोय र हार्टिगन सन् २००८); र (४) अनुसन्धानको क्रममा स्वःगणना र स्वःदस्तावेजीकरणको महत्त्वलाई दर्शाउने (अप्पादुराई सन् २०१२) । यसले गर्दा आकांक्षिक क्षमतालाई बल पुग्छ र अनुसन्धानको माध्यमबाट स्थानीय स्तरमा बुझ्ने, सिक्ने-सिकाउने र समाधान गर्ने प्रक्रियालाई बल पुग्छ ।

पैदल अनुसन्धानका दुई मुख्य विशेषता छन् : पहिलो, यसले सामाजिक अनुसन्धान गर्ने अवसरबाट प्रत्यक्ष वा अप्रत्यक्ष तवरमा बाहिर परेकालाई अनुसन्धानमा सामेल हुने मौका दिन्छ, र भुईं तहबाट ज्ञान निर्माण गर्छ । दोस्रो, यसले भुईं तहका व्यक्तिहरूलाई उनीहरूको "अनुसन्धानको अधिकार" (अप्पादुराई सन् २००६) को दाबीलाई स्वीकारेर "लोकतान्त्रिक नागरिक" (ड्रेज सन् २००२) को हैसियत प्राप्तिको वकालत गर्न सघाउँछ ।

नेपालमा समय-समयमा हुने गरेका संघर्ष, आन्दोलन र राज्य व्यवस्था परिवर्तनले समाज र देशबारे चिन्तन गर्ने प्राज्ञिक, बौद्धिक, र सचेत नागरिकको जमात बढाएको छ । तर भुईं तहका मानिसको आवाजलाई स्थानीयदेखि प्रदेश हुँदै संघसम्म प्रतिबिम्बित गरेर लोकतन्त्रलाई सबल बनाउन भने सकेको छैन । स्थानीय, प्रादेशिक र संघीय तहमा हुने गरेका बहसमा भुईं तहका प्राज्ञिक, अभियन्ता र नागरिक समाजको भूमिका बढाउन र ती बहसलाई प्रभावित पार्न पैदल अनुसन्धान जस्ता कार्य जरुरी छ । उदाहरणका लागि तराई-मधेसमा उठेका राष्ट्रिय स्तरका विभिन्न जल्दाबल्दा सवाललाई खास गरी काठमाडौँमा बस्ने बौद्धिक वर्गले उठाइरहेका त छन्, तर काठमाडौँ बाहिर मधेसका स्थानीय तहका व्यक्ति वा संस्थाहरूले अनुसन्धान र पैरवी गरेर राष्ट्रिय स्तरमा मुद्दा उठान गरेको भने विरैले भेटिन्छ । यो परियोजनाले यस्ता स्थानीय वा राष्ट्रिय स्तरका सवालमा कार्यरत र अध्ययनरत व्यक्ति र संस्थाको क्षमता र आकांक्षाको अभिवृद्धि गरेर उनीहरूको अनुसन्धान गर्ने क्षमता र अधिकारलाई मुखरित गर्न सघाएको छ ।

यस्तो पैदल अनुसन्धानको पहल विभिन्न सामाजिक-राजनीतिक व्यावधानका कारण ज्ञान उत्पादन, प्रसार, र वितरणमा खास गरी केन्द्र र मोफसलबीच उत्पन्न असमान बौद्धिक-प्राज्ञिक संरचना र परिदृश्यबाट उठ्ने गर्छ । यसको कारण अनुसन्धानका पूर्वाधारको कमी

[७] हेर्नुहोस्, www.barefootresearch.org.uk/projects/; अक्टोबर ४, २०१८ मा हेरिएको ।

हुनुदेखि लिएर ज्ञानको स्रोत, अध्ययन, सिकाइ र लेखन-प्रकाशनको अवसरको पहुँचबाट टाढा हुनु हो । साथै, भुईं तहमा गर्न सकिने वा हुने अधिकारमुखी पैरवी-अनुसन्धान कार्यमा प्राज्ञिक र नागरिक समाज वर्गको चासो र योगदानको कमीको कारणले पनि ज्ञान उत्पादन र प्रसारको कार्य केन्द्रीकृत भएको हुन्छ ।

हाम्रा लागि पैदल अनुसन्धानको औचित्य र अग्रसरताका लागि तीन किसिमका अवस्था र आधार विद्यमान थिए । पहिलो, नेपालका विश्वविद्यालयहरूमा सामाजिक अनुसन्धान लगायतका प्राज्ञिक कार्यको अवस्था दयनीय छ नै, काठमाडौँ बाहिर त औपचारिक शिक्षाको गुणस्तर अझ कमजोर छ । त्यस्तै, अनुसन्धानका लागि आधारभूत रूपमा चाहिने तालिम, पूर्वाधार (जस्तो पुस्तकालय, अनुसन्धान गोष्ठी/कार्यशाला), बौद्धिक-प्राज्ञिक समुदायको सहयोग र सामाजिक एवं आर्थिक पूँजी नगण्यप्रायः छ, जसको चर्चा माथि गरिसकिएको छ । त्यसैले, विश्वविद्यालयभन्दा बाहिरका क्षेत्रमा समाज विज्ञान अनुसन्धानलाई भुईं तहबाट र लोकतान्त्रिक तवरले उठान गर्नु एउटा विकल्प हुन सक्छ भन्ने विश्वासमा यो प्रयास अघि बढाइएको हो ।[८]

दोस्रो, “अनुसन्धान” को आफ्नै राजनीति छ । के-के गरियो भने त्यो अनुसन्धान हुन्छ; त्यो कसले, कसका लागि गर्छ भन्नेबारे सोच्न जरुरी हुन्छ । खास गरी विशेषाधिकार प्राप्त (प्रिभिलेज्ड) वर्गको सांस्कृतिक धारणामा आधारित भएर र उनीहरूका स्वार्थ (भौतिक र वैचारिक) पूरा गर्न “अनुसन्धान” गरिन्छ भन्ने आलोचना पनि नभएका होइनन् । साथै, प्राज्ञिक अनुसन्धानमा दसी-प्रमाणको मापदण्ड धेरै उच्च हुने र त्यसका लागि गम्भीर औपचारिक तालिम र निश्चित पद्दति पछयाउनु पर्ने हुन्छ । अनुभवमा आधारित व्याख्यात्मक-विवेचनात्मक अभ्यासभन्दा पनि “प्रमाणमा आधारित” नीतिगत अनुसन्धानको माग गरिन्छ । तर ड्रेज (सन् २०१९) ले भनेजस्तै अनुभवलाई प्रमाण मानिएन भने नीति निर्माण थोरै ज्ञानमा मात्रै सीमित हुनसक्छ । त्यसैले, पैदल अनुसन्धान भनेको अनुभवमा आधारित ज्ञानमा जोड दिँदै प्राज्ञिक क्षेत्रमा अभ्यास गरिने “प्रमाणमा आधारित” भन्ने निहुँमा गरिने अनुसन्धानको राजनीतिलाई केही हदसम्म प्रश्न गर्ने, चुनौती दिने प्रयास हो ।

तेस्रो, भुईं तहमा काम गर्ने स्थानीय व्यक्ति र संस्थाहरूका अनुभव र ज्ञानको कदर गर्दै समाज विज्ञानको अनुसन्धानलाई अझ लोकतान्त्रिक बनाउन यसले सघाउँछ । एकतिर स्थानीय मुद्दाहरू पनि स्थानीयका साथसाथै राष्ट्रिय रूपमा पनि महत्त्वपूर्ण हुन सक्छन् भने अर्कोतिर स्थानीयहरूबाटै तिनको उठान, विश्लेषण वा समाधान खोजिनु/हुनु बढी औचित्यपूर्ण हुन्छ । साथै, बाहिरबाट हुने अध्ययन-अनुसन्धानले स्थानीयबारे ज्ञान उत्पादन

[८] विश्वविद्यालय संरचनाबाहिर समाज विज्ञान अनुसन्धानमा नयाँ पुस्तालाई आकर्षित र प्रशिक्षित गर्न एवं ज्ञान उत्पादनमा भइरहेको लोकतान्त्रिक अभ्यास सम्बन्धी जानकारीका लागि हेर्नुहोस्, वन्त (२०६२) ।

गर्ने तर त्यस्तो ज्ञान उत्पादनमा स्थानीयकै सहभागिता नहुने र ती अध्ययन-अनुसन्धानको बलमा उत्पादित ज्ञानको आधारमा हुने निर्णय प्रक्रियामा पनि स्थानीयको सहभागिता नरहने हुन्छ । त्यसैले, स्थानीयहरूको ज्ञान हासिल गर्ने क्षमता वृद्धि गरेर उनीहरूलाई सशक्त तुल्याउन आवश्यक छ । पश्चिम तराईमा गरिएको यो पैदल अनुसन्धान अभ्यास यसै सिलसिलामा गरिएको एउटा प्रयोग र प्रयास हो ।

पैदल अनुसन्धानको अभ्यास गर्ने क्रममा हामीले माथि उल्लेख गरिए झैँ केही चरण पार गऱ्यौँ । पहिले, पैरवी अनुसन्धानका सन्दर्भमा तीन जिल्लामा अवस्थित संस्थागत परिस्थितिको समग्र मूल्यांकन गरियो । संस्थागत मूल्यांकनको क्रममा तीन दर्जनभन्दा बढी व्यक्तिहरूलाई सम्पर्क गरिएको थियो । अनुसन्धान पूर्वाधार र वातावरण, सम्भावित अनुसन्धाताका व्यक्तिगत रुचि, उनीहरूले गर्ने दैनिक पैरवी र व्यावसायिक कर्मबारे कुराकानी गर्नुका साथै उनीहरूकै कार्यस्थलमा गएर अवलोकन समेत गरिएको थियो । साथै, उनीहरूलाई अनुसन्धान क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमबारे जानकारी दिँदै त्यसमा संग्लग्न हुन प्रोत्साहित गरिएको थियो । यस क्रममा पहिलो चरणको समाज विज्ञान अनुसन्धान सम्बन्धी तालिम/कार्यशालामा जम्मा २२ जना सहभागी भएका थिए । सहभागीहरूलाई आफूले गर्न चाहेको अनुसन्धानबारे लेख्न भनिएको थियो अनि आफ्ना योजनाबारे उनीहरूले प्रस्तुति दिएका थिए । आफूले प्रस्तुत गरेका विषयवस्तुप्रति उनीहरूको अभिरुचि र सक्रियता तथा प्रस्तुत गरेका अनुसन्धानका अवधारणाका आधारमा १३ जना पैदल अनुसन्धाताहरू छनोट गरिएका थियो ।

यस्तो बौद्धिक-प्राज्ञिक परिदृश्य र अधिकारमा आधारित पैरवीका विषयहरूको आकलनको काम डिसेम्बर २०१७ देखि जुन २०१८ सम्म गरिएको थियो । क्रमिक छनोटमा दुई कुराले महत्त्वपूर्ण भूमिका खेलेका थिए । पहिलो, स्थानीय तवरमा सक्रिय भएकाले उनीहरूमा आ-आफ्ना विषयमा पर्याप्त सूचना र सम्पर्क-सम्बन्ध हुन्छन् भन्ने अपेक्षा थियो, जसको आधारमा उनीहरूले तुरुन्तै अनुसन्धानको विषय प्रस्ताव गर्न सक्नेछन् र एउटा निश्चित समयावधिमा अध्ययन-खोजी गरेर लेखन कार्य गर्नेछन् भन्ने ठानिएको थियो । छनोट गर्दा सामान्यतया मानविकी तथा समाज विज्ञानमा स्नातक तह उत्तीर्ण भएका र पश्चिम तराईका तीन जिल्ला—नवलपरासी, रुपन्देही र कपिलवस्तु—मध्ये कुनै एकमा काम गरिरहेको हुनुपर्ने मापदण्ड तोकिएको थियो ।  दोस्रो, छनोट गर्दा विविधतालाई ध्यान दिइएको थियो—भूगोल, जाति, लिंग, पेशा, संस्था, मुद्दा, र विषयका आधारमा ।

### *लेखन क्षमता अभिवृद्धि*

अनुसन्धान, दस्तावेजीकरण र लेखन "क्षमता अभिवृद्धि" को दाबीलाई तबसम्म विश्वास गर्न सकिन्न जबसम्म पैदल अनुसन्धानको उपजले एउटा मूर्त आकार (प्रकाशनका हिसाबले)

ग्रहण गर्दैन वा त्यस्तो अनुसन्धानले प्रत्यक्ष कुनै नीतिगत प्रभाव पार्दैन। तर, यस्तो असरको सम्भावना भने कुन परिस्थितिमा यस्तो क्षमता अभिवृद्धिको अभ्यास गरियो भन्नेमा पनि भर पर्छ।[९] पहिलो, अनुसन्धाताहरूले सीमित अनुसन्धान-पूर्वाधारमा टेकेर काम शुरू गरे—जस्तै, पुस्तकालय र सन्दर्भ-सूची/सामग्रीको नगण्य उपलब्धता; विज्ञ सम्मको पहुँच र ती सँगको संगतको कमी; विश्वविद्यालय स्तरको शिक्षाको कमजोर गुणस्तर; र तालिम, गोष्ठी वा कार्यशाला तथा "मेन्टरिङ" को अभाव। दोस्रो, पेशाकर्मीको रूपमा आ-आफ्नो ज्ञान-क्षेत्रमा उनीहरूका भोगाइ, अनुभव, र अवलोकनलाई चित्रण गर्ने क्रममा उनीहरूले समाज विज्ञानका कुनै विशेष अवधारणा (कन्सेप्ट), सिद्धान्त, विधिलाई अपनाएनन्। त्यसैले उनीहरूले आफ्ना अनुसन्धान-प्रश्न एवं -नतिजालाई संसारका अरू अनुभव र ज्ञान-भण्डारमा अवस्थित गर्ने वा तुलना (रेफरेन्सिङ/लोकेटिङ) गरेनन्। तेस्रो, न उनीहरूलाई विश्वविद्यालयका शिक्षक वा प्राज्ञहरूलाई जस्तो "कि प्रकाशन गर, नभए निस्क" भन्ने दबाब छ, न पेशेवर अनुसन्धाता जस्तो सधैँभरि अनुसन्धानलाई अँगाल्नुपर्ने बाध्यता नै छ।

यस्तो परिस्थितिमा सबैलाई एकै खालको तालिम उपयुक्त हुन सक्दैनथ्यो। प्रत्येक अनुसन्धाताका आफ्ना छुट्टै विशेष आवश्यकतालाई सम्बोधन गर्ने खालको तालिम र मेन्टरिङ हुनुपर्थ्यो। त्यसै गरी, अनुसन्धाताहरूको विविध कार्यक्षेत्र, शैली र रुचि भएका कारणले तालिमको विषयवस्तुको मात्रा पनि पूर्व निर्धारण गर्न सकिन्नथ्यो। यिनै कारण यो परियोजना अन्तर्गत एउटा औपचारिक र तीन ओटा अनौपचारिक तालिम/कार्यशाला गरिए। औपचारिक तालिम पैदल अनुसन्धाताहरूको अन्तिम छनोटअघि गरिएको थियो। समाज विज्ञान अनुसन्धानका विविध पक्ष तथा नेपाली समाज र उनीहरूले रोजेका विषयसँग सम्बन्धित सामग्रीहरू कार्यशालामा उपयोग गरिएको थियो। सामग्री छनोट गर्ने सिलसिलामा नेपाली समाजलाई र अझ त्यसमा पनि खास गरी तराई-मधेसको समाजलाई बुझ्न मद्दत गर्ने समाज विज्ञानका विभिन्न महत्त्वपूर्ण विचार र अवधारणा समेटिएका सामग्री कसरी स्रोत व्यक्तिहरू मार्फत् अनुसन्धाताहरूलाई पस्कने भन्नेबारे मार्टिन चौतारीका र अन्य प्राज्ञिक व्यक्तिहरूसँग व्यापक छलफल गरिएको थियो। यसको उद्देश्य अनुसन्धाताहरूलाई उनीहरूको रुचिको विषयमा अनुसन्धान गर्न प्रोत्साहित गर्नु थियो।

सात पानाको सान्दर्भिक सामग्रीको सूची एवं सम्भावित अनुसन्धाताका रोजाइका विषयसँग सम्बन्धित लामा (प्राज्ञिक) र छोटा (विचार-लेख) सहभागीहरूलाई उपलब्ध गराइएको थियो। छानिएका लेखमा आधारित रही विभिन्न विषयगत छलफल गरिए; स्रोत व्यक्तिहरूले ती विषय या मुद्दाबारे आफ्ना विचार पस्किए। आफूले गर्न चाहेको अनुसन्धानको विषयवस्तुबारे अनुसन्धाताहरूले पेश गरेका प्रस्तावना वा अवधारणा उपर

[९] यो कुरा मार्टिन चौतारीका योगेश राजले जुन २०, २०१९ मा भएको कुराकानीमा सुझाएका हुन्।

स्रोत व्यक्तिहरूले टिप्पणी र सुझाव दिएका थिए। प्रायः अनुसन्धाता आफ्नो विषयवस्तुमा पहिलेदेखि डुबेर काम गरेका व्यक्ति भएकाले उनीहरूमा ज्ञान, अनुभव, विज्ञता थियो। त्यसैले विषयवस्तुमा भन्दा पनि विषयवस्तुलाई तिखार्ने, विश्लेषण गर्ने, र लेखनको पक्षमा कार्यशालामा जोड दिइएको थियो। कार्यशालामा अनौपचारिक हिसाबमा गहन छलफल गर्ने वातावरण बनाइएको थियो। एउटा सहभागीका पृष्ठभूमि र अनुसन्धानको विषय वा प्रस्तावना अन्य सबैलाई थाहा होस् र अनुसन्धान/लेखनको दौरान एक अर्कालाई सहयोग गर्न सकून् भनेर यसो गरिएको थियो। यो क्षमता अभिवृद्धि गर्ने र सामाजिक पूँजी जुटाउने एउटा अंग हो। साथै, सहकर्मीले गरेको अनुसन्धानप्रति रुचि राख्नाले उनीहरूमा सहयोगी भावनाको साथै केही हदसम्म प्रतिस्पर्धाको भावना पनि पैदा होस् भन्ने सोच राखिएको थियो। सो औपचारिक तालिमपछि अन्तिम छनोटमा परेका १३ जना अनुसन्धातालाई विज्ञहरूका टिप्पणीलाई समेट्दै आफ्ना प्रस्तावनामा थप काम गर्न लगाइयो। ती प्रस्तावनाका आधारमा मार्टिन चौतारी भित्रका र केही बाहिरका विज्ञहरूलाई अनुसन्धाताका मेन्टरका रूपमा तोकिएको थियो।

तालिमलाई क्षमता अभिवृद्धिको लागि गरिने सामूहिक अभ्यास मान्ने हो भने मेन्टरिङलाई व्यक्तिगत रूपमा गरिने प्रयास मान्न सकिन्छ। अर्थात्, तालिम/कार्यशालाले साझा विषय, आकांक्षा, र समस्यालाई सम्बोधन गर्छ भने मेन्टरिङले व्यक्तिगत। मेन्टरले विशेष गरी अनुसन्धातालाई प्रस्ताव परिमार्जन गर्न र अनुसन्धान-प्रश्न प्रस्ट्याउन सहयोग गर्ने, अध्ययनको लागि आवश्यक विभिन्न सन्दर्भ-सामग्री उपलब्ध गराउने, लेखका मस्यौदामा टिप्पणी र सल्लाह-सुझाव दिएर परिमार्जन गर्न सघाउने, र लेखलाई प्रकाशनयोग्य बनाउन अन्तिम चरणमा कपि-एडिटिङ गर्ने सम्मको कार्य गरेका थिए। कतिपय यी काम टेलिफोन वा इमेल मार्फत र कतिपय प्रत्यक्ष भेटघाटबाट गरिएका थिए। टेलिफोन वा इमेल मार्फत मूलतः अध्ययन सामग्री उपलब्ध गराउने, अनुसन्धान-लेखनको प्रगतिबारे बुझ्ने-बुझाउने, सानातिना जिज्ञासा र समस्या समाधान गरिएका थिए। अनुसन्धाता र मेन्टरबीच प्रत्यक्ष भेट भने कपिलवस्तुमा गरिएका तालिम तथा गोष्ठीका क्रममा वा अनुसन्धाताहरू काठमाडौँ आएका बखत मार्टिन चौतारीमा भएको थियो। साथै, अनुसन्धान तथा प्रारम्भिक मस्यौदा लेखन पश्चात् अनुसन्धातालाई आवासको सुविधा सहित बढीमा पाँच दिनसम्म काठमाडौँमै राखेर मेन्टरको प्रत्यक्ष सहयोगमा उनीहरूको प्रारम्भिक मस्यौदालाई आवश्यकता अनुसार पुनर्लेखन वा परिमार्जन गर्ने वातावरण मिलाइएको थियो। यसबाट अनुसन्धाताले लेखनका तरिका सिक्नेदेखि लिएर लेख्दा आइपरेका विभिन्न समस्यालाई समाधान गर्ने तथा मेन्टरले दिएका टिप्पणीलाई राम्ररी बुझेर त्यसलाई सम्बोधन गर्ने मौका पाएका थिए। यस्तो अभ्यासले टेलिफोन वा इमेलका भरमा गरिने लामो दूरीको मेन्टरिङका क्रममा आउने सञ्चारगत समस्या र सीमिततालाई हटाउन मद्दत गरेको थियो।

पैदल अनुसन्धानको तालिम र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससका तालिममा भिन्नता छ । गैससका तालिममा भुईं तहकाहरूमा खासमा कुनै "क्षमता" हुँदैन त्यसैले उनीहरूलाई तालिम दिइनुपर्छ भन्ने मान्यता हुन्छ । तर पैदल अनुसन्धानको तालिममा व्यक्तिका ज्ञान र अनुभवको संग्रहको आधारमा उनीहरूको आकांक्षाको पहिचान गर्ने औजारहरू विकास गरिन्छ । रुपन्देहीका एक मानवअधिकारकर्मीलाई पैदल अनुसन्धानको तालिम र उनले पाएका अन्य तालिममा के भिन्नता छ भनेर सोध्दा, उनको उत्तर थियो, "[अन्य तालिममा] तालिमपछि विरलै मात्र फलोअप गर्थे र सम्बन्ध त्यहीं अन्त हुने गर्थ्यो । तर मार्टिन चौतारीले प्रगति विवरणको माध्यमबाट फलोअप गरिरहन्छ, पूर्व साहित्यका सामग्री पठाइरहन्छ, र अनुसन्धानका विभिन्न चरणमा औपचारिक र अनौपचारिक तालिमका सेसनको माध्यमबाट समन्वय गरिरहेको हुन्छ । उसले मस्यौदा पढ्ने, त्यसमा टिप्पणी गर्ने, तथ्यांक/नतिजालाई क्रसचेक गर्ने र वृहत्तर दृष्टिकोण दिने काम गऱ्यो ।"[१०] त्यस्तै, कपिलवस्तुकी अर्की एक अनुसन्धाताले मेन्टरिङ प्रक्रियाबारे भनिन्, "यसले मेरो आत्मविश्वास बढाइदियो । मैले महसुस गरेँ कि सामाजिक क्षेत्रमा मेरो सक्रियताको कारणले मसँग पर्याप्त तथ्य/तथ्यांक रहेछ, र मसँग पनि लेख्ने क्षमता रहेछ भन्ने थाहा पाएँ ।"[११] मेन्टरिङलाई तालिमकै एउटा अंगको रूपमा लिइएको थियो जसले गर्दा गरेर सिक्ने र प्राप्त सूचनालाई अनुसन्धानका विभिन्न चरणमा विश्लेषणात्मक रूपमा प्रस्तुत गर्न सकियोस् । त्यसैले, पैदल अनुसन्धान समाज विज्ञानलाई लोकतन्त्रीकरण गर्ने वैकल्पिक तरिका हो, जसले सीमित वर्गमा रहेको अनुसन्धानको विशेषाधिकारलाई चुनौती दिन्छ ।

समाज विज्ञान अनुसन्धानलाई सामान्यजनको बुताभन्दा बाहिरको भन्ने ठानिन्छ । लामो समय निश्चित क्षेत्रमा बिताएकाहरूमा पनि त्यसबारे अनुसन्धान गर्ने सम्बन्धमा निकै संकोच र अलमल देखिन्छ । समाज विज्ञान सम्बन्धी प्राज्ञिक अनुसन्धानका सन्दर्भमा अनुसन्धानको क्रममा आइपर्ने अलमलबारे मानवशास्त्री अर्जुन अप्पादुराईको भनाइ यहाँ सान्दर्भिक छ । उनी लेख्छन्, "अनुसन्धान के हो, ... यसका अर्थ के हुन्, कसैले 'अनुसन्धान गरिरहेको' छु भनिरहँदा वा अनुसन्धान गर्न अरूलाई सिकाइरहँदा उनीहरू खासमा के गरिरहेको ठान्छन् .... त्यस्तो [अनुसन्धानको] संसारमा प्रवेश गर्न [पाउनका लागि] शर्त के के हुन् ?" (सन् २००६ : १६९) । यस्तै प्रकारको संकोच पैदल अनुसन्धाताहरूमा देखिएको परियोजनाकी स्थानीय संयोजक (जो स्वयं एक पैदल अनुसन्धाता समेत हुन्) माहुरी होमकी लक्ष्मी श्रेष्ठले बताएकी थिइन् । उनले परियोजना कार्यान्वयनको प्रारम्भमा

[१०] राम विकास चौधरीसँग मे १५, २०१९ मा गरिएको कुराकानी ।

[११] मोतीकला पंगेनीसँग जुन २९, २०१९ मा गरिएको कुराकानी ।

बताएकी थिइन्, “अनुसन्धाताहरूमा ‘अनुसन्धान गर्न’ कसरी शुरू गर्ने र उनीहरूबाट के अपेक्षा गरिएको हो भन्नेबारे प्रशस्त अलमल छ ।”[१२]

अनुसन्धाताहरूका भोगाइ, अनुभव, विज्ञता, अवलोकन, र खोजीमा अनुसन्धान आधारित थिए, जसलाई सटिक, स्पष्ट, र सरल रूपमा अभिलेखबद्ध गर्नु थियो । यसबारे लक्ष्मी श्रेष्ठ भन्छिन् :

> मेरो सधैँको प्राथमिकता भनेको मेरा विगतका अनुभवलाई प्रयोग गरेर र मेरो संस्थाको कामलाई आधार बनाएर पैरवीलाई अझ प्रभावकारी बनाउने थियो । म यसबारे सोच्दैछु । जहिले पनि मैले महिलाको नागरिकताको अधिकारको कुरा गर्दा, धेरै मान्छेले हाम्रो चासोलाई बेवास्ता गर्छन् । यसलाई गम्भीर रूपमा लिइँदैन । त्यसैले, मैले यो अवसर पाएपछि यसै विषयमा अध्ययन गर्ने निधो गरेँ । ... मलाई यो विषयसँग सम्बन्धित कुनै सिद्धान्त वा आइडियोलोजी (विचारधारा) थाहा छैन । तैपनि उनीहरूका कुरा सुनेर उनीहरूका आफ्ना भोगाइ र दुःखलाई प्राथमिकता दिएर मैले नागरिकता[सँग गाँसिएका] उनीहरूका समस्यालाई बुझ्ने कोसिस गरेकी छु र त्यसमा पैरवी गरेकी छु ।[१३]

आफूभन्दा फरक समुदायमा गएर गरिने अन्य अनुसन्धानभन्दा भिन्न खाले यो पैदल अनुसन्धान अभ्यासमा विषयवस्तु छान्ने, तथ्य खोज्ने, र लेख्ने काम पनि भिन्न नै थियो । विश्वविद्यालयमा हुने प्राज्ञिक अनुसन्धानभन्दा पैदल अनुसन्धान मुख्य गरी दुई प्रकारले फरक थियो । पहिलो, प्राज्ञिक अनुसन्धानमा लेखनका क्रममा प्रस्तुत गरिने तर्क र प्रमाणहरू सघन अध्ययन विधिद्वारा पुष्टि गर्न सकिने तथा अन्यत्र पनि लागू गर्न सकिने खालको हुनुपर्छ भन्ने गरिन्छ । त्यसैले, प्राज्ञिक लेखनमा तथ्य र प्रमाणको उजागर गर्न पूर्व प्रकाशित सामग्रीको प्रयोग गर्नु पर्ने हुन्छ । तर, पैदल अनुसन्धाताले गर्ने अनुसन्धान वा लेखन भनेको आफूले देखेका-सुनेका र भोगेका घटना/जानकारीको सिलसिलेवार, सान्दर्भिक र तार्किक अभिलेखीकरण पनि हो । उदाहरणका लागि, नवलपरासीका वृजराज कुशवाहाले नेपाल र भारतबीच भएको गण्डक सिंचाइ र विद्युत सम्झौताको कारणले विस्थापित भएकाहरूको संघर्षको कथा प्रस्तुत गरेका छन् । गण्डक नियन्त्रण संघर्ष समिति कुनै औपचारिक/विधिवत रूपमा दर्ता भएको संगठन नभएर पीडितहरूको अनौपचारिक समूह हो । पत्रकार कुशवाहा स्वयं पनि नदीपीडित हुन् र उनले आफू र आफ्नो समुदायले भोगेका दुःख र संघर्षको

[१२] श्रेष्ठसँग सेप्टेम्बर १०, २०१८ मा गरिएको कुराकानी ।

[१३] लक्ष्मी श्रेष्ठसँग सेप्टेम्बर २२, २०१९ मा गरिएको कुराकानी ।

अभिलेख आफ्नो लेखमा राखेका छन् । यद्यपि, उनको लेखमा पर्याप्त सन्दर्भ सामग्री वा पूर्वप्रकाशित सामग्रीको अध्ययन नपाइएला ।

दोस्रो, प्राज्ञिक अनुसन्धानको उपजलाई सैद्धान्तिक व्याख्या सहितको बहस मूलक बौद्धिक-प्राज्ञिक एवं विचारधारात्मक लिखित दस्तावेजका रूपमा बुझिन्छ । साथै, प्राज्ञिक अनुसन्धानलाई एउटा लामो शृंखलाको विगतमा टेकेर, वा अर्को शब्दमा भन्दा ख्यातीप्राप्त विद्वानहरूको काँधमा चढेर, गरिने दाबी (निश्चयात्मक कथन) हो भन्ने बुझाइ छ । स्थलगत अध्ययनद्वारा तथ्यपरक घटना वा मुद्दाहरूलाई अगाडि राखेर व्याख्या गरिएको पैदल अनुसन्धाताको लेखनीमा सैद्धान्तिक वा विचारधारात्मक लेपन तथा पूर्वप्रकाशित सामग्री सँगको पहुँच वा ज्ञान नहुन सक्छ ।

उदाहरणका लागि, लक्ष्मी श्रेष्ठले काठमाडौँमा भएको एउटा खुला सेमिनारमा महिलालाई नागरिकताको अधिकारबाट घरपरिवार, समाज, र राज्य सबै तहबाट कसरी वञ्चित गरिएको छ भन्ने प्रमाण दिएकी थिइन् ।[१४] यता काठमाडौँमा महिलाको नामबाट सन्ततिलाई नागरिकता दिनुपर्ने माग गरिरहँदा (जुन जायज छ) मधेसमा भने महिला स्वयं नै पारिवारिक अड्चनका कारण नागरिकता पाउनबाट वञ्चित हुनुपरेको तथ्यलाई बेवास्ता गरिएको उनले बताएकी थिइन् । उनले आफ्नो अनुसन्धानबाट प्राप्त यस्ता दृष्टान्तहरू सप्रमाण राख्दा काठमाडौँकाहरूले अनौठो मानेको सन्दर्भ यहाँ उल्लेखनीय छ । त्यसै गरी, नवलपरासीमा कार्यरत अधिवक्ता सरस्वती शर्माले वकालतको क्रममा "अदालतबाट आफ्नो पक्षमा फैसला पाएको तर न्याय नपाएको" भन्ने कानूनी क्षेत्रमा प्रचलित भनाइ मार्फत महिलाहरूले नागरिकता नपाएर खप्नुपरेको व्यथा र पाएपछि पनि उनीहरूको जीवनले नयाँ मोड लिन नसकेको कुरालाई दर्शाएकी छन् । यी दुवै लेखमा न त कुनै ठोस समाज विज्ञानका सिद्धान्त वा अवधारणाको लेपन छ, न त कुनै संसारका अरू ठाउँमा हुन सक्ने वा भएका यस्ता घटना र मुद्दालाई सन्दर्भ स्रोतका रूपमा उल्लेख गरिएको छ । त्यसैले यिनमा उद्धृत गर्ने शैलीमा विगतको सैद्धान्तिक बोझ छैन । यस अर्थमा, यी भनेका अनुसन्धाताले आफ्नो देखाइभोगाइका आधारमा गरेका तर्क र पैरवी हुन्, जसले पठनीय लेखन, नवीन सोच, दृष्टिकोण, वा अन्तर्दृष्टि दिने कोसिस गर्छन् ।

त्यसैले अनुसन्धान गर्ने र त्यसको क्षमता अभिवृद्धि गर्ने भनेको निरन्तरको आवश्यक सहयोग सहित "गर्दै सिक्ने" एउटा प्रक्रिया हो । यो प्रक्रियामा आवश्यक सीप र ज्ञान अनुसन्धाता स्वयंले आर्जन गर्ने हो । कपिलवस्तुका संजय कुमार पासीको नेटुवा जातिउपर

[१४] "नेपाल अध्ययनमा महिला अनुसन्धानकर्ताहरूको सक्रियता" शीर्षकमा मार्टिन चौतारीमा फागुन १९, २०७५ मा आयोजित सेमिनारमा प्रस्तुत भनाइ । साथै, पछि जून २९, २०१९ मा कपिलवस्तुमा भएको अनुसन्धान प्रस्तुति कार्यशालामा पनि श्रेष्ठले आफ्नो प्रस्तुतिमा यो सन्दर्भ व्यक्त गरेकी थिइन् ।

गरिएको अध्ययनमा उनलाई सर्प नचाउने र मागेर जीविका चलाउने नेटुवा बारेको पूर्व-प्रकाशित सामग्री पाउन धेरै कठिन भएको थियो । यसरी ज्ञानको सीमित स्रोत र अनुसन्धानका आधारभूत सीपहरूको कमी भएको परिस्थितिमा अनुसन्धातामा देखिने हीनभाव र त्यसले अनुसन्धानमा पार्ने बाधालाई हटाउन अनुसन्धानलाई केही फरक ढंगमा बुझ्नुपर्ने हुन्छ, र यो एउटा निरन्तरको "गर्दै सिक्ने" प्रक्रिया हो भन्ने कुरामा जोड दिनु जरुरी छ ।

पैदल अनुसन्धानको सन्दर्भमा एउटा लिखित दस्तावेजको रूपमा अनुसन्धानको उपजलाई "क्षमता अभिवृद्धि" को एउटा मापन गर्न सकिने आवश्यक उपलब्धिको रूपमा लिन सकिएला, तर यो नै सम्पूर्ण उपज भने होइन । अनुसन्धानका नतिजालाई लिखित बाहेक अन्य तरिकाबाट पनि सम्प्रेषण गर्न सकिन्छ, र यी गैर-लेखनका तरिका कतिपय अवस्थामा अझ प्रभावकारी पनि हुन सक्छन् । विभिन्न कारणवश लेखको मस्यौदा बुझाए पनि प्रकाशनयोग्य लेख बुझाउन नसकेका अनुसन्धाताबारे उनका मेन्टर देवेन्द्र उप्रेतीको बुझाइ यस्तो छ, "विषयवस्तुमा राम्रो पकड भएकाहरूले आफ्नो अनुसन्धानमा आधारित तथ्य, नतिजा र विश्लेषणलाई मौखिक रूपमा वा अरू कुनै माध्यमद्वारा पनि प्रस्तुत गर्न सक्नुपर्छ, ता कि तिनले आफ्नो पैरवीबाट समाजलाई त्यसप्रति आकर्षित गर्न सकून । यसलाई पनि क्षमता विकासको एउटा उपलब्धि मान्नुपर्छ । अध्ययन-अनुसन्धानको उपलब्धिलाई लेखनमा मात्र सीमित गरिनु हुँदैन ।"[१५]

काठमाडौँ-केन्द्रित ज्ञान उत्पादन प्रणाली, ज्ञानको स्रोतमा पहुँच र तालिममा सीमित वर्गको विशेषाधिकार तथा सामाजिक अनुसन्धान मूलतः विश्वविद्यालयभित्र सीमित भएको अहिलेको परिप्रेक्ष्यमा यो समग्र प्रक्रियालाई लोकतन्त्रीकरण गर्न र भुइँ तहका आवाजहरूलाई सुन्न पैदल अनुसन्धानको भूमिका महत्त्वपूर्ण हुन्छ । यसका लागि, स्थानीय स्तरमा स्थलगत अनुभव र ज्ञान भएका अध्येता, अभियन्ता, अधिकारकर्मी, सञ्चारकर्मी, वा साधारणजनलाई ज्ञान उत्पादनमा सरिक गराउनु जरुरी छ । भुइँ तहका यी व्यावसायिक पेशाकर्मीहरूसँग विश्वविद्यालयमा दिइने अनुसन्धान सम्बन्धी उच्च तहको औपचारिक तालिम वा अनुभव नहोला, तर पैदल अनुसन्धान जस्ता प्रकृयाद्वारा उनीहरूलाई आवश्यक तालिम वा अवसर दिएर तमाम व्यवधानका वावजूद पनि अनुसन्धान र ज्ञानउत्पादनमा लाग्ने आकांक्षा जगाउन सकिन्छ । यस्तो प्रयासले उनीहरूको सोच्ने क्षमतालाई बढाई समाजका विभिन्न घटना र मुद्दाहरूमा पैरवी गर्न तथा सामाजिक अनुसन्धानको माध्यमबाट घटनाको विवरण, विश्लेषण, र व्याख्या गर्न सघाउँछ । साथै, विश्वविद्यालयको अध्ययन-अनुसन्धानको घेराबाट बाहिर रहेका तर महत्त्वपूर्ण सामाजिक मुद्दाहरूलाई सतहमा ल्याउन मद्दत गर्छ ।

[१५] उप्रेतीसँग अगस्त २०, २०१९ मा गरिएको कुराकानी ।

## पैदल अनुसन्धानको उपज

यो परियोजना स्थानीय स्तरको पैरवी-अनुसन्धानमा केन्द्रित भएकोले अनुसन्धाताहरूले पेश गरेका विषयवस्तु पनि उनीहरूले आफ्नो पेशागत जीवनमा गर्दै आएका काम र पैरवीसँग सम्बन्धित हुनु स्वाभाविक छ । त्यसैले, यस पुस्तकमा समेटिएका विषय परियोजनाले निर्देशित वा छनोट गरेको नभई अनुसन्धाताका कार्यक्षेत्र र रुचिसँग सम्बन्धित छन् । यहाँ सम्मिलित लेखले मधेससँग सम्बन्धित विभिन्न विषय/मुद्दालाई प्रतिनिधित्व गर्छन्, जसलाई चार ओटा मूल विषयमा वर्गीकरण गरिएको छ : लैंगिक विभेद (लक्ष्मी श्रेष्ठ, सरस्वती शर्मा र उमा पौडेलका लेख); शान्ति प्रक्रिया र मानवअधिकार (दीपक ज्ञवाली, रामविकास चौधरी र मोतीकला पंगेनीका लेख); जीविकोपार्जन (वृजराज कुशवाहा, संजय कुमार पासी र रामचन्द्र श्रेष्ठका लेख); र, सामाजिक समावेशीकरण (सोना खटिक र रक्षाराम हरिजनका लेख) ।

तराई-मधेसका नागरिक र नागरिकताको प्रमाणपत्रको विषय राष्ट्रिय स्तरमै एउटा पेचिलो र दीर्घकालीन मुद्दाको रूपमा रहँदै आएको छ । यो मुद्दाबारे लेख्दा-बोलिँदा नागरिकताको प्रमाणपत्र नभएका, नपाएका महिलाका दुःख र संघर्ष भने ओझेल पर्ने गरेको छ । दुई पैदल अनुसन्धाता (लक्ष्मी श्रेष्ठ र सरस्वती शर्मा) ले यो विषय उठाएका छन् । मधेसी महिलाले नागरिकताको माग गर्दा सबभन्दा पहिला परिवारबाटै घरेलु हिंसा र भेदभाव भोग्नु परेको कुराको गुनासो एक सामाजिक अभियन्ताका हैसियतले लक्ष्मी श्रेष्ठकहाँ आउँछन् । उनीहरूका ती समस्याको समाधान खोज्ने क्रममा समुदायको तहदेखि केन्द्रीय तहसम्मै आइपर्ने विभिन्न जटिलताको व्याख्या उनले आफ्नो लेखमा गरेकी छन् । त्यसै गरी, अधिवक्ता सरस्वती शर्माले महिलाका नागरिकता सम्बन्धमा आउने अवरोधको कानूनी निदान खोज्छिन् । महिलालाई नागरिकता दिलाउन अदालतमा संघर्ष गर्दाको अनुभवका आधारमा नागरिकता नहुँदा महिलाको आर्थिक सशक्तीकरण नहुने मात्र होइन, उनीहरूले घरेलु हिंसाबाट पनि मुक्ति नपाएको तर्क उनले गरेकी छन् । उनी प्रश्न गर्छिन्—कोही नागरिक हो-होइन भनेर पहिचान गर्ने जिम्मेवारी कसको हो ? नागरिक हो भनेर पहिचान गर्ने प्रमाणको भार नागरिक स्वयंले बोक्नुपर्ने कि राज्यले ?

वैदेशिक रोजगारमा गएका व्यक्तिको मृत्यु भएका खण्डमा विमाका रकम मृतकका परिवारले पाउँछन् । तर त्यस्तो रकमका कारणले गर्दा परिवारमा, खास गरी मृतककी श्रीमतीमा, पर्ने सामाजिक र मनोसामाजिक असरको विश्लेषण उमा पौडेलले आफ्नो लेखमा गरेकी छन् । सुरक्षित आप्रवासन सम्बन्धी सामी परियोजनामा काम गरेकी उनले यस्तो आर्थिक सहायताले परिवारमा बेमेल ल्याउने र अन्ततः मृतककी श्रीमतीले पैसाकै कारण परिवारमा तनाव भोग्नुपर्ने घटना प्रत्यक्ष अवलोकन गरेकी छन् । साथै, यस्तो बेमेलको

मुख्य कारण सो आर्थिक सहायता सिंगो परिवारले कि श्रीमतीले मात्र पाउने भन्नेमा नीति-नियममा स्पष्ट नभएकोले हो भन्ने उनको तर्क छ ।

माओवादी विद्रोह र मधेस आन्दोलन क्रममा तराई-मधेसमा मानवअधिकार हनन्का धेरै घटना भए । त्यस क्रममा मानवअधिकारकर्मीहरूले द्वन्द्व समाधान र शान्ति बहाल गर्न ठूलो भूमिका खेले । तीन जना अनुसन्धाताले यिनै विषयउपर चर्चा गरेका छन् । रुपन्देहीलाई कर्मक्षेत्र बनाएका पत्रकार दीपक ज्ञवालीले तत्कालीन सरकारद्वारा माओवादी विरुद्ध हतियार उठाउन प्रोत्साहित गरेका र हतियार समेत उपलब्ध गराएका प्रतिकारकारीहरूका हतियारको सोधखोज गरेका छन् । यस बारेको उनको पहिले देखिको चासो र आफ्ना पूर्वप्रकाशित सामग्रीका आधारमा तयार गरिएको यो लेखले माओवादी द्वन्द्वको एउटा महत्त्वपूर्ण तर वास्ता नगरिएको पक्षलाई उजागर गरेको छ । माओवादी युद्धताकाका प्रतिकारीका हतियारको व्यवस्थापनबिना सही अर्थमा शान्ति प्रक्रिया निष्कर्षमा पुग्दैन भन्ने उनको तर्क मनन्योग्य छ ।

रामविकास चौधरीले मधेस आन्दोलनताका र त्यस पछिका समयमा रुपन्देहीमा भएका गैरन्यायिक हत्यालाई अभिलेखीकरण गरेका छन् । एक मानवअधिकारकर्मीको हैसियतले त्यस्ता हत्याको अनुगमनमा पनि उनी संलग्न थिए । त्यसैले प्राप्त प्रमाण, प्रत्यक्षदर्शीका भनाइ, प्रहरीका भनाइ, मिडियाका रिपोर्ट आदिका आधारमा ती हत्याहरू गैरन्यायिक हुन् भन्ने उनको दलिल छ । माओवादी युद्ध र मधेस आन्दोलनको समाप्तिपछि पनि यस्ता हत्या नरोकिनुले मधेसी जनता अझ पनि राज्यको दमन उत्पीडनमा परिरहेको उनको लेखले देखाउँछ ।

अलि फरक सन्दर्भमा मोतीकला पंगेनीले मधेस आन्दोलनताका थारू र ब्राह्मण-क्षेत्री-दशनामी समुदायमा भड्केको द्वन्द्व र सो द्वन्द्वमा थारू संग्रहालय जलाइएको विषय अध्ययन गरेकी छन् । नवलपरासीस्थित जवाफदेहिता निगरानी समितिमा काम गरेकी पंगेनी थारू संग्रहालय जलाइएको घटना सम्बन्धी अनुगमन गर्न गठित टोलीमा सामेल थिइन् । आफ्नो पुर्ख्यौली भूमिबाट क्रमशः विस्थापित हुँदै गएका थारूहरूले आफ्नो पहिचान जोगाइराख्न सार्वजनिक जमिनमा बनाएको थारू संग्रहालयलाई कसरी जातीय विद्वेष राखी जलाइयो, तथापि उनीहरूले कसरी सो संग्रहालयलाई वैधानिकता दिएर आफ्नो पहिचान कायम राख्न खोज्दैछन् भन्ने कुरालाई पंगेनीले आफ्नो लेखमा प्रस्तुत गरेकी छन् ।

यो परियोजनामा समेटिएको अर्को विषय मधेस भूगोल र त्यहाँका समुदायको जीविका सम्बन्धी हो । यस खण्डमा पानी अधिकारकर्मी वृजराज कुशवाहाले नेपाल र भारतबीच भएको गण्डक सम्झौताको नालीबेली उतार्दै नवलपरासीका गण्डकी पीडित समुदायलाई सो सम्झौताले कसरी असर पारेको छ भन्ने खोतलेका छन् । साथै, सो सम्झौता निष्ठापूर्वक लागू गराएर उनीहरूको पीडा कम गर्न लागिपरेको गण्डक नदी नियन्त्रण संघर्ष समितिको

भूमिकालाई कुशवाहाले आफ्नो लेखमा उजागर गरेका छन् । नेपाल सरकारले आवश्यक पहलकदमी नलिएको र संघर्ष समितिको अनवरत लडाइँकै कारण भारत सरकारलाई सम्झौता पालना गर्न बाध्य पारिएको र प्रभावितहरूले समय-समयमा भारत सरकारबाट थोरबहुत सुविधा पाउन सकेको लेखकको जिकिर छ ।

मधेसी समुदायमा आर्थिक-राजनीतिक र सामाजिक हिसाबले सबैभन्दा पिँधमा पारिएका समूह हुन्, मधेसी दलित । मधेसी दलितको पनि पिँधमा पर्ने नेटुवा समुदायको जीविकाको सटिक चित्रण संजय कुमार पासीको लेखमा छ । दलित अधिकारको पैरवीमा विभिन्न गैरसरकारी संस्थामा संलग्न भएका उनी आफै दलित समुदायका भएकाले सर्प नचाउने र मागेर खाने नेटुवा जातिको पेशामा आएको परिवर्तनलाई पासीले विश्लेषण गरेका छन् ।

मधेसमा बढ्दो शहरीकरणको उपजको रूपमा रहेको सुकुमबासी बस्तीबारे बुटवलका रामचन्द्र श्रेष्ठले कलम चलाएका छन् । उनले बुटवलको एउटा सुकुमबासी बस्ती बिनापातेको इतिहास खोतलेका छन् । सुकुमबासी बस्ती कसरी बन्छ र विकसित हुन्छ, र कसरी त्यहाँका बासिन्दाले आफूलाई शहरीया ठान्छन् भन्ने कुरालाई लेखकले तिनको विस्थापन/बसाइँसराइको इतिहास र शहरमा जीविकाको माध्यमबाट प्रस्तुत गरेका छन् ।

त्यसै गरी हिन्दू वर्णाश्रम व्यवस्थामा आधारित नेपाली राज्य संरचनाले गरिआएको सामाजिक बहिष्करणलाई दुई जना अध्येताले आफ्नो अध्ययनको विषयवस्तु बनाएका छन् । सञ्चारकर्मी सोना खटिकले आफ्ना सहकर्मी दलित महिला रेडियोकर्मीहरूका अनुभवलाई आधार बनाएर तिनको अवस्थाबारे लेखेकी छिन् । खास गरी कपिलवस्तु र रुपन्देहीका दलित महिला रेडियोकर्मीहरूले रेडियोमा प्रवेश गर्दादेखि पारिश्रमिक, तालिम, र वृत्तिविकासमा भोग्नुपरेको विभेद र मनोसामाजिक हिंसालाई खटिकले उतारेकी छन् । समावेशीकरण र जागरणको पैरवी गर्ने मिडियाहरू नै दलित महिला सञ्चारकर्मीलाई कसरी विभेद गरिरहेका छन् भन्ने यो लेखले देखाउँछ ।

रक्षाराम हरिजनले समावेशिताको सन्दर्भमा अदालतमा न्यायिक निरुपणका लागि पुगेका केही प्रतिनिधि मूलक मुद्दा र तिनका फैसलाहरूको अध्ययन गर्दै राज्यको आफ्नो समावेशी नीति र कानूनलाई सरकारले पालना नगरेको तर्क गरेका छन् । दलित अधिकारकर्मीका साथै अधिवक्ता रहेका हरिजनले समावेशिताको विषयमा अदालतले गरेका निर्णय आफैमा बाझिने, मनोगत व्याख्या गरिएका, फैसलामा ढिलाइ गरिएकाले राज्य समावेशी चरित्रको हुन नसकेको तथ्य औँल्याएका छन् ।

समग्रमा, यो पुस्तक मार्टिन चौतारी र माहुरी होमले गरेको पैदल अनुसन्धान अभ्यास सम्बन्धी प्रयोगको उपज हो । यसले माथि भनिए झैँ कसरी समुदाय वा भुईं तहमा काम गर्ने अभियन्ताहरूले पनि आफ्नो पैरवी वा पत्रकारिताको अभ्यास सँगसँगै प्राज्ञिक ज्ञान उत्पादनमा योगदान गर्न सक्छन् भन्ने कुराको उदाहरण देखाउँछ । त्यसैले, नेपालमा पैदल अनुसन्धान

बारेको बहसका लागि यो पुस्तक एउटा प्रारम्भबिन्दु हुन सक्छ । साथै, आ-आफ्नो क्षेत्रमा लामो समयदेखि भुईं तहमा रहेर काम गरेका अनुभवी पैदल अनुसन्धाताद्वारा लेखिएका हुनाले पुस्तकमा संगृहित लेख तत् तत् विषयका महत्त्वपूर्ण दस्तावेज हुन् । सम्बन्धित विषय/क्षेत्रमा थप अध्ययन-अनुसन्धान गर्न चाहने अनुसन्धाता तथा ती विषयप्रति रुचि राख्ने आम जिज्ञासु पाठकका लागि यो पुस्तक एउटा महत्त्वपूर्ण सन्दर्भ सामग्री हुनेछ ।

## धन्यवाद

अंग्रेजीमा लेखिएको प्रारम्भिक मस्यौदालाई अनुवाद गर्ने लगायत यो परिचयात्मक लेखलाई सम्पादन गर्ने महेशराज महर्जनलाई धन्यवाद । विभिन्न मस्यौदा पढी टिप्पणी र सुझावका साथै यसलाई थप परिमार्जन र सम्पादनमा सघाउने देवराज हुमागाईं, प्रत्यूष वन्त र लोकरञ्जन पराजुली तथा कुराकानीका लागि समय दिने सम्पूर्ण स्रोत व्यक्तिप्रति पनि आभारी छु ।

## सन्दर्भ सामग्री

मार्टिन चौतारी । २०७६ । *पश्चिम तराईमा अधिकारमुखी पैरवीको संस्थागत मूल्यांकन* । शोध संक्षेप, अंक २५ । काठमाडौँ : मार्टिन चौतारी । www.martinchautari.org.np/files/Research-Brief-25-NepaliVersion.pdf मा उपलब्ध; जनवरी १५, २०२० मा हेरिएको ।

वन्त, प्रत्यूष । २०६२ । समाज विज्ञानमा नयाँ पुस्ता : प्राज्ञिक गैरसरकारी संस्थाको भूमिका । *रूपान्तरण : समाज अध्ययन* २ : १–१७ ।

Appadurai, Arjun. 2006. The Right to Research. *Globalisation, Societies and Education* 4(2): 167–177.

Appadurai, Arjun. 2012. Why Enumeration Counts. *Environment and Urbanization* 24(2): 639–641.

Drèze, Jean. 2002. On Research and Action. *Economic and Political Weekly* 37(9): 817–818.

Drèze, Jean. 2019. *Sense and Solidarity: Jholawala Economics for Everyone*. Oxford: Oxford University Press.

Henning, Elizabeth. 2000. Walking with “Barefoot” Teachers: An Ethnographically Fashioned Casebook. *Teaching and Teacher Education* 16(1): 3–20.

Keith, Margaret, James Brophy, Peter Kirby and Ellen Rosskam. 2002. *Barefoot Research: A Worker's Manual for Organizing on Work Security*. Geneva: International Labour Organization.

Koirala, Bharat Dutta and Hem Bahadur Bista. 1995. *Impact Study of Gaunle Deurali: Barefoot Journalists Training and Deurali Readers Clubs*. Kathmandu: Media Services International.

Liu, Melinda. 2002. Barefoot Lawyers. Available at www.newsweek.com/barefoot-lawyers-141565; accessed October 16, 2019.

Roy, Bunker and Jesse Hartigan. 2008. Empowering the Rural Poor to Develop Themselves: The Barefoot Approach (Innovations Case Narrative: Barefoot College of Tilonia). *Innovations* 3(2): 67–93.

Zhang, Daqing and Paul U. Unschuld. 2008. China's Barefoot Doctor: Past, Present, and Future. *The Lancet* 372(9653): 1865–1867.